कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पाँचथर**
फिदिम, पाँचथर

# आ.व. २०८२/८३ मा सम्पन्न मुख्य कार्यक्रमहरु समेटिएको वार्षिक जनस्वास्थ्य बुलेटिन

आ.व. २०८२/८३ | वर्षः पहिलो | आंकः १ | महिनाःश्रावण | प्रकाशित मितिः २०८३/०४/११

## राष्ट्रिय खोप कार्यक्रम

### खोप कार्यक्रमका स्वास्थ्यकर्मीहरूको पुनर्ताजगी तालिम




मिति २०८२/०८/२९ **गतेदेखि २०८२/०९/०१ गतेसम्म खोप कार्यक्रममा खटिने स्वास्थ्यकर्मीहरूको पुनर्ताजगी तालिम** सम्पन्न गरियो। तालिममा स्वास्थ्य संस्थामा कार्यरत खोप कार्यक्रमका स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। तालिममार्फत सुरक्षित तथा गुणस्तरीय खोप सेवा सञ्चालन, खोप व्यवस्थापन, कोल्ड चेन व्यवस्थापन, प्रतिकूल घटनाको व्यवस्थापन (AEFI) तथा अभिलेखीकरण र प्रतिवेदन सम्बन्धी ज्ञान तथा सीप पुनर्ताजगी गराइएको थियो।

### विद्यालय केन्द्रित HPV खोप कार्यक्रमको योजना तर्जुमा गोष्ठी




मिति २०८२/१०/१४ **गते विद्यालय केन्द्रित HPV खोप सञ्चालन, पूर्णखोप सुनिश्चितता तथा दिगोपना कार्यक्रम समीक्षा, अभिमुखीकरण, योजना गोष्ठी तथा माइक्रोप्लानिङ कार्यक्रम** सम्पन्न गरियो। कार्यक्रममा स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा HPV खोप सञ्चालनको तयारी, पूर्णखोप सुनिश्चितता तथा दिगोपना, समीक्षा, कार्ययोजना निर्माण र प्रभावकारी माइक्रोप्लानिङ सम्बन्धी विषयमा छलफल तथा अभिमुखीकरण गरिएको

### वार्षिक खोप समीक्षा तथा माइक्रोप्लानिङ



स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा **आर्थिक** वर्ष २०८२/८३ को वार्षिक खोप समीक्षा तथा माइक्रोप्लानिङ **कार्यक्रम** सम्पन्न गरियो। कार्यक्रममा वार्षिक खोप कार्यक्रमको प्रगति समीक्षा, खोप सेवाको अवस्था विश्लेषण, चुनौतीहरूको पहिचान तथा आगामी अवधिका लागि प्रभावकारी माइक्रोप्लान तयार गर्ने विषयमा छलफल तथा योजना निर्माण गरिएको थियो।




### जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सभा

मिति २०८२ **साल चैत १ गते** जिल्ला खोप समन्वय समिति पाँचथरको आयोजनामा कोशी प्रदेश सरकारका **स्वास्थ्य मन्त्री मा. मान बहादुर लिम्बु ज्यु** को प्रमुख आतिथ्यतामा पाँचथर जिल्लालाई **पूर्ण खोप सुनिश्चितता तथा दिगोपना** कायम रहेको जिल्ला घोषणा गरिएको थियो। स्वास्थ्य कार्यालय पाँचथरको समन्वय तथा स्थानीय तह, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, विकास साझेदार र सरोकारवाला निकायहरूको सक्रिय सहभागिता र योगदानबाट जिल्लाले पूर्ण खोप सुनिश्चितताको मापदण्ड पूरा गरी घोषणा गरिएको हो। यस सँगै आ.व. २०८२/८३ मा पाँचथर जिल्ला **पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा** गर्ने पहिलो जिल्ला भएको छ।

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पाँचथर**
फिदिम, पाँचथर

**आ.व. २०८२/८३ मा सम्पन्न मुख्य कार्यक्रमहरु समेटिएको**
**वार्षिक जनस्वास्थ्य बुलेटिन**

आ.व. २०८२/८३ वर्षः पहिलो आंकः १ महिनाःश्रावण प्रकाशित मितिः २०८३/०४/११

# CBIMNCI कार्यक्रम

## CBIMNCI समीक्षा तथा योजना तर्जुमा गोष्ठी




मिति २०८२ पुस २१ र २२ गते स्वास्थ्य कार्यालय, पाँचथरका कार्यालय प्रमुख श्री महेश सुनारज्यूको अध्यक्षतामा CBIMNCI (Community-Based Integrated Management of Neonatal and Childhood Illness) समीक्षा तथा योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा जिल्लाका विभिन्न स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, उपप्रमुख, CBIMNCI कार्यक्रम हेर्ने स्वास्थ्यकर्मी, जिल्ला अस्पताल तथा स्वास्थ्य कार्यालयका स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा जम्मा ४२ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा CBIMNCI कार्यक्रमको प्रगति समीक्षा, चुनौतीहरूबारे छलफल तथा आगामी कार्ययोजना तर्जुमा गरिएको थियो।

## CB-IMNCI आधारभूत तालिम




स्वास्थ्य कार्यालय पाँचथरको आयोजनामा मिति २०८३/०३/०७ देखि २०८३/०३/१२ गतेसम्म जिल्ला अस्पताल पाँचथरको सभा हलमा CB-IMNCI (Community-Based Integrated Management of Neonatal and Childhood Illness) आधारभूत तालिम सम्पन्न भयो। स्वास्थ्य कार्यालय पाँचथरका प्रमुख श्री महेश सुनारको अध्यक्षतामा सञ्चालन भएको उक्त तालिममा नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन सम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि गर्ने विषयमा प्रशिक्षण प्रदान गरिएको थियो। तालिममा सहभागी, सहजीकर्ता तथा अन्य गरी कुल ३४ जनाको उपस्थिति रहेको थियो।

आ.व. २०८२/८३ | वर्षः पहिलो | आंकः १ | महिनाःश्रावण | प्रकाशित मितिः २०८३/०४/११

# पोषण कार्यक्रम

## पोषण कार्यक्रम समीक्षा तथा सूक्ष्म कार्ययोजना कार्यक्रम




स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा मिति २०८२/०९/०९, १० र ११ गते पोषण कार्यक्रमको समीक्षा, तथ्यांक विश्लेषण तथा सूक्ष्म कार्ययोजना कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, पोषण फोकल व्यक्ति तथा सम्बन्धित स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा पोषण कार्यक्रमको प्रगति समीक्षा, तथ्यांक विश्लेषण, सेवा सूचकहरूको मूल्याङ्कन तथा आगामी अवधिका लागि स्थानीय आवश्यकता अनुसार सूक्ष्म कार्ययोजना तयार गर्ने विषयमा छलफल तथा अभ्यास गरिएको थियो।

## पोषणमैत्री स्वास्थ्य संस्था सम्बन्धी अभिमुखीकरण सम्पन्न




स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा आर्थिक वर्ष २०८२/८३ अन्तर्गत मिति २०८३/०१/०३ र ०४ गते "पोषणमैत्री स्वास्थ्य संस्था सम्बन्धी स्थानीय तह अभिमुखीकरण कार्यक्रम" सम्पन्न गरियो। उक्त कार्यक्रममा स्थानिय तहाका स्वास्थ्य शाखा प्रमुख, विद्यालय नर्स तथा सम्बन्धित प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

## स्तनपान परामर्शदाता तालिम




स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा मिति **२०८३/०२/२२, २३ र २४ गते स्तनपान परामर्शदाताका लागि तालिम** सम्पन्न गरियो। कार्यक्रममा स्थानीय तह तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। तालिममार्फत स्तनपानसम्बन्धी प्रभावकारी परामर्श, शिशु तथा मातृ पोषण प्रवर्द्धन, स्तनपानमा देखिने समस्याको व्यवस्थापन तथा स्तनपानमैत्री सेवाको गुणस्तर अभिवृद्धि गर्ने विषयमा ज्ञान तथा सीप विकास गराइएको थियो।

## BMS ऐन सम्बन्धी अभिमुखीकरण कार्यक्रम



मिति २०८३/०३/२५ गते **आमाको दूध प्रतिस्थापन गर्ने वस्तुहरूको (बिक्री–वितरण नियन्त्रण) ऐन, २०४९ (BMS Act) सम्बन्धी अभिमुखीकरण कार्यक्रम** सम्पन्न गरियो। कार्यक्रममा जि.स.स प्रमुख, प्र.जि.अ., प्रहरी नायव उपरीक्षक (DSP), उद्योग वाणिज्य संघका अध्यक्ष, स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, विद्यालय नर्स, सञ्चारकर्मी तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पाँचथर**
फिदिम, पाँचथर

**आ.व. २०८२/८३ मा सम्पन्न मुख्य कार्यक्रमहरु समेटिएको**
**वार्षिक जनस्वास्थ्य बुलेटिन**

आ.व. २०८२/८३ | वर्षः पहिलो | आंकः १ | महिनाःश्रावण | प्रकाशित मितिः २०८३/०४/११

# मातृ तथा नवजातशिशु कार्यक्रम

## MPDSR सम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रम



स्वास्थ्य कार्यालय, पाँचथर को आयोजनामा फाल्गुनन्द गाउँपालिकामा वि.सं. २०८२/८/१५ र १६ गते मातृ तथा पेरिनाटल मृत्यु निगरानी तथा प्रतिकार (MPDSR) सम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा फाल्गुनन्द गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी तथा सरोकारवालासहित जम्मा २६ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा MPDSR अवधारणा, मृत्यु समीक्षा प्रक्रिया, प्रतिवेदन प्रणाली तथा प्रभावकारी कार्यान्वयनका विषयमा सहजीकरण गरिएको थियो।

## MNH Onsite Coaching कार्यक्रम



आर्थिक वर्ष २०८२/८३ मा स्वास्थ्य कार्यालय पाँचथरद्वारा मातृ तथा नवजात शिशु स्वास्थ्य (Maternal and Newborn Health–MNH) सेवाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न स्वास्थ्य संस्थाहरूमा MNH Onsite Coaching कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रम रवि आधारभूत अस्पताल, कुम्मायक आधारभूत अस्पताल, स्वास्थ्य चौकी साराङडाँडा, स्वास्थ्य चौकी मौवा, फाल्गुनन्द आधारभूत अस्पताल, स्वास्थ्य चौकी एक्तिन, स्वास्थ्य चौकी मेमेङ, स्वास्थ्य चौकी थर्पु तथा स्वास्थ्य चौकी च्याङथापु मा सञ्चालन गरिएको थियो। आर्थिक वर्ष २०८२/८३ भर सञ्चालन गरिएको यस कार्यक्रममार्फत **कुल २३ जना स्वास्थ्यकर्मीलाई MNH Onsite Coaching (प्रशिक्षण)** प्रदान गरिएको थियो।

# परिवार योजना, प्रजनन् स्वास्थ्य तथा किशोर किशोरी स्वास्थ्य कार्यक्रम

## FP Data Pro सम्बन्धी अभिमुखीकरण तथा तथ्याङ्क समीक्षा कार्यक्रम



मिति २०८३ जेठ ८ देखि १० गतेसम्म स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा जिल्ला अस्पताल, पाँचथरको सभाहलमा परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवा सुदृढीकरण (FP Data Pro) सम्बन्धी अभिमुखीकरण तथा तथ्याङ्क समीक्षा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा स्रोतव्यक्ति, सहजीकरणकर्ता तथा सम्बन्धित स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा जम्मा ३४ जनाको सहभागिता रहेको थियो।

## DMT/MEC अभिमुखीकरण कार्यक्रम सम्पन्न



परिवार योजना सेवा सुदृढीकरण (DMT/MEC) तथा प्रसूति पश्चात् परिवार योजना (PPFP) सम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रम मिति २०८३/०२/१९—२० गते जिल्ला अस्पताल पाँचथरको सभा हलमा सम्पन्न भयो। कार्यक्रममा सहभागी, सहजीकर्ता तथा अन्य गरी कुल ४३ जनाको उपस्थिति रहेको थियो।

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पाँचथर**
फिदिम, पाँचथर
**आ.व. २०८२/८३ मा सम्पन्न मुख्य कार्यक्रमहरु समेटिएको**
**वार्षिक जनस्वास्थ्य बुलेटिन**

आ.व. २०८२/८३ | वर्षः पहिलो | आंकः १ | महिनाःश्रावण | प्रकाशित मितिः २०८३/०४/११

## किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा सम्बन्धी संयुक्त बैठक तथा अभिमुखीकरण




मिति २०८३/०३/३२ गते किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अस्पताल व्यवस्थापन समिति, जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरूको संयुक्त बैठक तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा अस्पताल व्यवस्थापन समितिका सदस्य, जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

# क्षयरोग नियन्त्रण कार्यक्रम

## जिल्लास्तरीय क्षयरोग आधारभूत/मोडुलर तालिम




मिति २०८२/१२/०१ देखि ०३ गतेसम्म स्वास्थ्य कार्यालय पाँचथरमा जिल्लास्तरीय क्षयरोग (TB) आधारभूत/मोडुलर तालिम सञ्चालन सम्पन्न भयो। क्षयरोग रोकथाम, खोज, निदान, उपचार, अभिलेखीकरण तथा प्रतिवेदन प्रणाली सम्बन्धी स्वास्थ्यकर्मीहरूको ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यले आयोजित उक्त तालिममा सहभागी, सहजीकर्ता तथा अन्य गरी कुल ३८ जनाको उपस्थिति रहेको थियो। तालिममा क्षयरोग कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा गुणस्तरीय सेवा प्रवाहलाई थप सुदृढ बनाउने विषयमा अन्तरक्रिया र छलफल समेत गरिएको थियो।

## जिल्लास्तरीय क्षयरोग कार्यक्रमको समिक्षा, कोहोर्ट विश्लेषण एवं योजना तर्जुमा गोष्ठी



मिति २०८२/१२/२० गते स्वास्थ्य कार्यालय पाँचथरमा जिल्लास्तरीय क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहोर्ट विश्लेषण समीक्षा कार्यक्रम सम्पन्न भयो। कार्यक्रमको उद्देश्य क्षयरोग कार्यक्रमको प्रगति समीक्षा, कोहोर्ट विश्लेषणका नतिजामाथि छलफल तथा आगामी कार्ययोजना तयार गर्नु रहेको थियो। कार्यक्रममा स्वास्थ्य कार्यालय, स्थानीय तह तथा सम्बन्धित स्वास्थ्य संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। सहभागी, सहजीकर्ता तथा अन्य गरी कुल ३४ जनाको उपस्थिति रहेको थियो।

# एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम

## एचआईभीसँग सम्बन्धित लाञ्छना तथा भेदभाव न्यूनीकरण सम्बन्धी अभिमुखीकरण




स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा मिति २०८२/०९/२४ गते याङवरक गाउँपालिकामा एचआईभीसँग सम्बन्धित लाञ्छना तथा भेदभाव न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो।

## एचआईभीसँग सम्बन्धित लाञ्छना तथा भेदभाव न्यूनीकरण सम्बन्धी अभिमुखीकरण




**एचआईभीसँग सम्बन्धित लाञ्छना तथा भेदभाव न्यूनीकरणका लागि विद्यालयस्तरीय अभिमुखीकरण कार्यक्रम** मिति २०८२/१०/२१ गते **श्री गणेश माध्यमिक विद्यालय, याङवरक–६,** तथा २०८२/१०/२३ गते **श्री सिंहपुर पशुपति माध्यमिक विद्यालय, हिलिहाङ गाउँपालिका** मा सम्पन्न गरियो। कार्यक्रममा विद्यालयका शिक्षक, विद्यार्थी तथा सम्बन्धित सरोकारवालाहरुको सहभागिता रहेको थियो।

# नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यक्रम

## राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि पुनर्ताजगी तालिम



मिति २०८३ वैशाख १७ गतेदेखि २० गतेसम्म स्वास्थ्य कार्यालय, पाँचथरको आयोजना तथा मिक्लाजुङ गाउँपालिकाको स्वास्थ्य शाखाको समन्वय/सहयोगमा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि ४ दिने पुनर्ताजगी (Refresher) तालिम सम्पन्न भएको छ। तालिममा जम्मा ६३ जना (३३ र ३० जनाका दुई समूह) राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू सहभागी भएका थिए। तालिमले स्वयंसेविकाहरूको ज्ञान तथा सीप अभिवृद्धि गरी समुदायस्तरमा मातृ, नवजात तथा बाल स्वास्थ्य सेवाको प्रभावकारी प्रवाहमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## FCHV आधारभूत तालिम सम्पन्न




स्वास्थ्य कार्यालय पाँचथरको आयोजना तथा तुम्बेवा गाउँपालिकाको सक्रिय सहयोगमा मिति २०८३/०२/०५ देखि २०८३/०२/१४ गतेसम्म राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको आधारभूत १० दिने तालिम सम्पन्न भयो। उक्त तालिममा कुल ३५ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सहभागिता रहेको थियो। तालिमले स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि गरी समुदायस्तरमा गुणस्तरीय स्वास्थ्य सेवा तथा स्वास्थ्य प्रवर्द्धनका गतिविधिहरूलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पाँचथर**
फिदिम, पाँचथर
**आ.व. २०८२/८३ मा सम्पन्न मुख्य कार्यक्रमहरु समेटिएको**
**वार्षिक जनस्वास्थ्य बुलेटिन**

आ.व. २०८२/८३ वर्षः पहिलो आंकः १ महिनाःश्रावण प्रकाशित मितिः २०८३/०४/११

# उपचारात्मक सेवा कार्यक्रम

## आधारभुत स्वास्थ्य सेवाको स्तरिय उपचार पद्दति (BHS STP) सम्बन्धी अभिमुखिकरण







स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा आर्थिक वर्ष २०८२/८३ अन्तर्गत मिति २०८२/०८/२१—२३ तथा २०८२/१०/१८—२० गते फिदिम, पाँचथरमा आधारभूत स्वास्थ्य सेवा स्तरीय उपचार पद्धति (BHS STP) सम्बन्धी स्वास्थ्यकर्मी तालिम सम्पन्न गरियो। तालिममा जिल्लाभित्रका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।

## आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी अभिमुखिकरण




मिति २०८२/११/२७ देखि २९ **गतेसम्म** स्वास्थ्यकर्मीहरूका लागि **आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी तालिम** सम्पन्न गरियो। तालिममा स्थानीय तह तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।

## Quantification तथा Forecasting कार्यशाला गोष्ठी




स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा मिति २०८३/०१/१७ र १८ **गते** फिदिम, पाँचथरमा आधारभूत औषधिको Quantification तथा Forecasting सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न गरियो। कार्यक्रममा कोशी प्रदेशका विभिन्न जिल्ला स्वास्थ्य कार्यालयका प्रतिनिधिहरू, स्थानीय तहका स्वास्थ्यकर्मी तथा सम्बन्धित सरोकारवालाहरूको सहभागिता रहेको थियो। गोष्ठीमा आधारभूत औषधिको आवश्यकताको यथार्थ अनुमान (Quantification), माग प्रक्षेपण (Forecasting), प्रभावकारी आपूर्ति व्यवस्थापन तथा औषधिको उपलब्धता सुनिश्चित गर्ने विषयमा छलफल र अभ्यास गरिएको थियो।

## सामाजिक परीक्षण सम्बन्धी तालिम




स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा आर्थिक वर्ष २०८२/८३ अन्तर्गत मिति २०८३/०२/२५ र २६ गते फिदिम, पाँचथरमा सामाजिक परीक्षण सम्बन्धी **तालिम** सम्पन्न गरियो। तालिममा स्थानीय तह तथा स्वास्थ्य संस्थाका सम्बन्धित स्वास्थ्यकर्मी सहभागिता रहेको थियो। तालिममार्फत सामाजिक परीक्षणको अवधारणा, प्रक्रिया, स्वास्थ्य सेवामा पारदर्शिता, जवाफदेहिता तथा समुदायको सहभागिता अभिवृद्धि गर्ने विषयमा सहजीकरण गर्दै प्रभावकारी कार्यान्वयनका लागि आवश्यक ज्ञान तथा सीप विकास गरिएको थियो।

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पाँचथर**
फिदिम, पाँचथर
**आ.व. २०८२/८३ मा सम्पन्न मुख्य कार्यक्रमहरु समेटिएको**
**वार्षिक जनस्वास्थ्य बुलेटिन**

आ.व. २०८२/८३ | वर्षः पहिलो | आंकः १ | महिनाःश्रावण | प्रकाशित मितिः २०८३/०४/११

## न्यूनतम सेवा मापदण्ड सम्बन्धी अभिमुखीकरण तथा अवलोकन भ्रमण सम्पन्न







मिति २०८३/०३/११ र १२ गते स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रको न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards–MSS) सम्बन्धी अभिमुखीकरण तथा समीक्षा कार्यक्रम फिदिममा सम्पन्न गरियो। त्यसैगरी २०८३/०३/१३, १४ र १५ गते तुम्बेवा गाउँपालिका अन्तर्गत मौवा स्वास्थ्य चौकीमा, **पारस्परिक अवलोकन भ्रमण** सम्पन्न गरियो।

## जनस्वास्थ्य सेवा सवलिकरण तथा विस्तार कार्यक्रम

### विद्यालय नर्स कार्यक्रमको वार्षिक समीक्षा तथा सूक्ष्म योजना तर्जुमा कार्यक्रम सम्पन्न




स्वास्थ्य कार्यालय पाँचथरको आयोजनामा मिति २०८२/१२/०१ गते स्वास्थ्य नर्सिङ कार्यक्रमको वार्षिक समीक्षा तथा सूक्ष्म योजना तर्जुमा कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य संयोजक, ५ वटा विद्यालयका विद्यालय नर्स, एवं प्रधानाध्यापकहरू सहित जम्मा १५ जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा विद्यालय नर्सिङ कार्यक्रम अन्तर्गत आर्थिक वर्षभर सञ्चालन भएका गतिविधि, उपलब्धि, चुनौती तथा सिकाइहरूको विस्तृत समीक्षा गरिएको थियो। साथै, आगामी आर्थिक वर्षमा कार्यक्रमलाई अझ प्रभावकारी, गुणस्तरीय र नतिजामुखी रूपमा सञ्चालन गर्ने उद्देश्यले विद्यालयस्तरमा सञ्चालन गरिने गतिविधिहरू, प्राथमिकता निर्धारण तथा सूक्ष्म योजना तर्जुमा सम्बन्धी छलफल गरी कार्ययोजना तयार गरिएको थियो।

### नसर्ने तथा मानसिक स्वास्थ्य समीक्षा तथा योजना तर्जुमा कार्यक्रम




मिति २०८३/०३/२६ गते **नसर्ने तथा मानसिक स्वास्थ्य समीक्षा तथा योजना तर्जुमा कार्यक्रम** सम्पन्न गरियो। कार्यक्रममा स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख स्वास्थ्य कार्यक्रम फोकल व्यक्ति तथा सम्बन्धित स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पाँचथर**
फिदिम, पाँचथर

**आ.व. २०८२/८३ मा सम्पन्न मुख्य कार्यक्रमहरु समेटिएको**
**वार्षिक जनस्वास्थ्य बुलेटिन**

आ.व. २०८२/८३ वर्षः पहिलो आंकः १ महिनाःश्रावण प्रकाशित मितिः २०८३/०४/११

# स्वास्थ्य व्यवस्थापन कार्यक्रम

## वार्षिक समीक्षा कार्यक्रम सम्पन्न




मिति २०८२/०६/२८ र २९ **गते** स्वास्थ्य कार्यालय, पाँचथरमा **वार्षिक समीक्षा कार्यक्रम** सम्पन्न गरियो। कार्यक्रममा जिल्लाका स्थानीय तह, स्वास्थ्य संस्था तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा आर्थिक वर्षभरि सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको प्रगति, उपलब्धि, चुनौती तथा सुधारका क्षेत्रहरूको समीक्षा गर्दै आगामी कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयमा छलफल गरिएको थियो।

## Geocode तथा Workforce अद्यावधिक अभिमुखीकरण




मिति २०८२/०६/२८ र २९ **गते** स्वास्थ्य कार्यालय, पाँचथरमा **वार्षिक समीक्षा कार्यक्रम** सम्पन्न गरियो। कार्यक्रममा जिल्लाका स्थानीय तह, स्वास्थ्य संस्था तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा आर्थिक वर्षभरि सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको प्रगति, उपलब्धि, चुनौती तथा सुधारका क्षेत्रहरूको समीक्षा गर्दै आगामी कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयमा छलफल गरिएको थियो।

## जिल्लास्तरीय अर्धवार्षिक समीक्षा कार्यक्रम




**जिल्लास्तरीय अर्धवार्षिक समीक्षा कार्यक्रम** मिति २०८२/१२/१८ र १९ गते सम्पन्न गरियो। कार्यक्रममा स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य संस्थाका प्रमुख, कार्यक्रम फोकल व्यक्तिहरूको सहभागिता रहेको थियो ।

## HMIS/DHIS सम्बन्धी तालिम



स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा मिति २०८३/०२/०६, ०७ र ०८ गते परिमार्जित HMIS Recording, Reporting Tools तथा DHIS सम्बन्धी तालिम सम्पन्न गरियो। कार्यक्रममा स्थानीय तहका तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पाँचथर**
फिदिम, पाँचथर
**आ.व. २०८२/८३ मा सम्पन्न मुख्य कार्यक्रमहरु समेटिएको**
**वार्षिक जनस्वास्थ्य बुलेटिन**

आ.व. २०८२/८३ | वर्षः पहिलो | आंकः १ | महिनाःश्रावण | प्रकाशित मितिः २०८३/०४/११

## PAMS-V2 सम्बन्धी कार्यशाला गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम




स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा मिति २०८३/०१/१९ गते PAMS-V2 सम्बन्धी कार्यशाला गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा स्वास्थ्य कार्यालय, स्थानीय तह हरूको सहभागिता रहेको थियो। कार्यक्रममा PAMS-V2 प्रणालीको प्रभावकारी प्रयोग, तथ्यांक प्रविष्टि, प्रतिवेदन तयारी तथा औषधि व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउने विषयमा सहजीकरण तथा अभ्यास गराइएको थियो।

## महामारी रोग नियन्त्रण कार्यक्रम

### डेङ्गु तथा जापानिज इन्सेफलाइटिस नियन्त्रण सम्बन्धी समन्वय बैठक तथा लाम्खुट्टेको लार्भा "खोज र नष्ट गर" अभियान





स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा मिति **२०८२/०५/२८ गते** फिदिम, पाँचथरमा **डेङ्गु तथा जापानिज इन्सेफलाइटिस रोकथाम तथा नियन्त्रणका लागि समन्वय तथा पैरवी बैठक** सम्पन्न गरि फिदिम बजार क्षेत्रमा लाम्खुट्टेको लार्भा "खोज र नष्ट गर" अभियान समेत सम्पन्न गरिएको थियो। कार्यक्रममा स्वास्थ्यकर्मी, नेपाल प्रहरी तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

### औलो तथा कालाजार नियन्त्रण सम्बन्धी अभिमुखीकरण सम्पन्न



स्वास्थ्य कार्यालय, पाँचथरको आयोजनामा विषादी छर्कने कार्य सञ्चालन हुने क्षेत्रहरूमा औलो तथा कालाजार रोग सम्बन्धी अभिमुखीकरण तथा जानकारीमूलक बैठक हिलिहाङ गाउँपालिकामा सम्पन्न गरियो। अभिमुखीकरणमार्फत औलो तथा कालाजार रोगको रोकथाम, विषादी छर्कने कार्यको उद्देश्य, सुरक्षित विधि तथा समुदायको भूमिका सम्बन्धी जानकारी प्रदान गर्दै प्रभावकारी रोग नियन्त्रणका लागि समन्वय र सहकार्यमा जोड दिइयो।

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पाँचथर**
फिदिम, पाँचथर

**आ.व. २०८२/८३ मा सम्पन्न मुख्य कार्यक्रमहरु समेटिएको**
**वार्षिक जनस्वास्थ्य बुलेटिन**

आ.व. २०८२/८३ | वर्षः पहिलो | आंकः १ | महिनाःश्रावण | प्रकाशित मितिः २०८३/०४/११

## जिल्ला खानेपानी निगरानी समितिको बैठक




स्वास्थ्य कार्यालय, पाँचथरको समन्वयमा मिति **२०८३/०३/२४ गते जिल्ला खानेपानी निगरानी समितिको बैठक** सम्पन्न गरियो। बैठकमा जि.स.स. प्रमुख, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका प्रतिनिधी, फिदिम खानेपानि उपभोक्ता समितिका अध्यक्ष तथा अन्य सरोकारवाला संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। बैठकमा जिल्लाको खानेपानीको गुणस्तर, नियमित निगरानी, पानीजन्य रोगको रोकथाम तथा सुरक्षित खानेपानी सुनिश्चित गर्न आवश्यक समन्वय, समीक्षा र आगामी कार्ययोजनाका विषयमा छलफल गरिएको थियो।




